नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

फोन: ४- २२३५८०, २६२६९६, २६१७३६, २६२८०२, २६२९८७, २६२४६८, २६२५४३

पत्र संख्या:- ०७१/०७२
च.नं. :-

रामशाहपथ,
काठमाडौं, नेपाल

मिति: २०७२।०१।२५

बिषय : उद्धारकर्ता, घाईते एवं आमनागरिकहरुलाई जानकारीको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको प्रेस विज्ञप्ती

भूकम्प पिडित तथा घाईतेहरुको उद्धार, उपचार तथा बिपद पश्चात हुने प्रकोप तथा रोगहरु रोकथामको लागि मिति २०७२/०१/२५ गतेसम्म स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट देहाय बमोजिमका क्रियाकलापहरु भएको कुरा सम्बन्धित सबैको जानकारीको लागि प्रेषित गरिन्छ ।

## १. राष्ट्रिय तथा अन्तराष्ट्रिय उपचार टोलीहरुको परिचालन, अनुगमन तथा बैठक

- मिति २०७२/०१/२५ गतेसम्म स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट १०७ वटा अन्तराष्ट्रिय टीम परिचालन भएका छन् जसमा १०१९ मेडिकल बिशेषज्ञहरु, ३६१ नर्सहरु र ९४२ प्यारामेडिक्स्हरु गरी जम्मा २३२१ रहेका छन् ।
- सरकारी स्वास्थ्य संस्था बाहेक ४१ भन्दा बढी राष्ट्रिय तथा गैर आवाशिय नेपाली मेडिकल बिशेषज्ञहरुको टिम परिचालन भएका छन् जस्मा १५४ मेडिकल बिशेषज्ञहरु, ८२ नर्सहरु र ९० प्यारामेडिक्स्हरु गरी जम्मा ३६७ रहेका छन् ।

## २. उपकरण र औषधि

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले भूकम्पबाट प्रभावित जिल्लाका बिभिन्न स्वास्थ्य संस्थाहरुमा आवश्यकता अनुसार निरन्तर रुपमा औषधि र उपकरणहरु पठाईरहेको छ ।
- भूकम्प प्रभावित क्षेत्रको लागि आपूर्ति ब्यवस्था महाशाखालाई आई.भि.सेट, एन्टिबायोटिक्स, क्यानुला लगायतका अन्य औषधिहरु /उपकरणहरु गरी ३ ट्रक सामग्रीहरु बिभिन्न क्षेत्रबाट प्राप्त भयो ।
- मिती २०७२/०१/२४ र २५ गते UNICEF ले सहयोग स्वरुप उपलब्ध गराएको ६३,०६६.४ अमेरिकी डलर बराबरको Emergency Medicine, Equipments, Medical tents र अन्य सामाग्रीहरु ललितपुर, दोलखा, रामेछाप, धादिङ, काभ्रे, मकवानपुर, सिन्धुपाल्चोक, नुवाकोट र परोपकार प्रसुती गृह अस्पतालमा पठाईएको छ।

## ३. उपचार गरिएको बिरामी तथा घाइतेको संख्या

मिति २०७२/०१/२५ गतेसम्म उपचार पाएका घाईते तथा विरामीको जम्मा संख्या: ६८,५७५ रहेको छ । स्थान र जिल्ला अनुसार घाईते तथा विरामीको जम्मा संख्या देहाय बमोजिम रहेको छ ।

| | |
|---|---|
| • भक्तपुर १४७०० | • नुवाकोट ४७२२ |
| • धादिङ ३३४३ | • ओखलढुङगा १३८ |
| • दोलखा ४१९ | • रामेछाप ३०४६ |
| • गोरखा ३५१२ | • रसुवा ७४८ |
| • काठमाण्डौ १८३४८ | • सिन्धुली ९५६ |
| • काभ्रे ८६३१ | • सिन्धुपाल्चोक ४३६७ |
| • ललितपुर २५३० | • लमजुङ १९३ |
| • मकवानपुर ६९५ | • निजामती अस्पताल २२०० |
| • बारा २७ | |

नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय


४- { २२३५८० २६२६९६ २६९७३६ २६२८०२ २६२९८७ २६२४६८ २६२५४३

पत्र संख्या:- ०७१/०७२
च.नं. :-

रामशाहपथ,
काठमाडौं, नेपाल


मिति: २०७२।०१।२५

## ४. महामारी रोकथामका लागि गरिएको प्रयासहरु

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले रोगकोहरुको प्रकोप रोकथामका लागि स्वास्थ्य सन्देशहरु संचार माध्यमहरुबाट प्रचार–प्रसार र शैक्षिक सामग्रीहरु भूकम्प प्रभाबित जिल्लाहरुमा बितरण निरन्तर रुपमा गरिरहेको छ ।
- भूकम्प प्रभावित क्षेत्रका आमाहरुले आफ्ना बालबालिकाहरुलाई तयारी तथा धुलो दुध र अन्य दुधजन्य पदार्थहरु खुवाउनु पर्ने सम्भावना बढी हुने भएको र त्यस्ता दुध तथा दुधजन्य पदार्थ बालबालिकाहरुको स्वास्थ्यका लागि हानीकारक र कानून बिपरित पनि हुने भएकोले आफ्ना बालबालिकाहरुलाई आमाको दुध नै खुवाउनु हुन सम्बन्धित आमाहरुलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अपिल गर्दछ ।

## ५. स्वास्थ्यकर्मीको ब्यवस्था र अन्य विषय

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले भूकम्पवाट प्रभावित विरामी तथा घाइतेहरुको उपचार तथा सूचनाको उपलब्धतामा सहजताका लागी टोल फी नं १६६००१३३४४४ संचालनमा ल्याएको छ । यदि कुनै ठाँउबाट स्वास्थ्य सम्बन्धि जानकारी लिन वा दिन परेमा माथिदिएको टोल फ्रि नम्बरमा २४ औ घण्टा सम्पर्क गर्नु हुन अपिल गरिएको छ ।
- हालसम्म भूकम्पबाट प्रभावित जिल्लाका पूर्ण रुपमा क्षति पुगेका सरकारी स्वास्थ्य संस्थाहरु २६९ र प्राईभेट स्वास्थ्य संस्था ८ रहेको छ । त्यस्तैगरी आंशिक रुपमा क्षति पुगेका सरकारी स्वास्थ्य संस्थाहरु ५२७ र प्राईभेट स्वास्थ्य संस्था ७ रहेको छ ।

## ६. मृत्यु भएका स्वास्थ्यकर्मीहरुको विवरण:

भूकम्पबाट प्रभावित भै यस अघि मृत्यु भएका ४ जना सहित हालसम्म ६ जना स्वास्थ्यकर्मीहरुको मृत्यु भएको छ । ती ४ जनाको अतिरिक्त देहाय बमोजिम २ जनाको समेत मृत्यु भएको कुरा जानकारी हुन आएको छ ।

१. लक्ष्मी रिमाल, सि.अ.न.मी., जिल्ला जनस्वास्थ्य कार्यालय, काठमाडौ
२. निर्मला क्षेत्री, अ.हे.ब., हेलम्बु हेल्थ पोष्ट, सिन्धुपाल्चोक

डा. गुणराज लोहनी
सदस्य सचिव एवं प्रबक्ता
विपद व्यवस्थापनको लागि केन्द्रिय समन्वय समिति, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय